Name : mina k.c

Class : BBS third year

सूचना प्रविधिको युगमा डिजिटल साक्षरता

- निबन्ध

परिचय

आजको युगलाई सूचना प्रविधिको युग भनेर चिनिन्छ। विज्ञान र प्रविधिको तीव्र विकासले मानव जीवनलाई अत्यन्त सहज, छिटो र प्रभावकारी बनाएको छ। विशेष गरी सूचना प्रविधिको क्षेत्रमा भएको क्रान्तिले संसारलाई सानो बनाएको छ। इन्टरनेट, कम्प्युटर, स्मार्टफोन, सामाजिक सञ्जाल आदिको प्रयोगले मानिसहरूको जीवनशैली नै परिवर्तन गरिदिएको छ। इन्टरनेट, कम्प्युटर, मोबाइल फोन, सामाजिक सञ्जालजस्ता विभिन्न डिजिटल उपकरणहरूले हाम्रो दैनिक जीवनलाई सरल छिटो र प्रभावकारी बनाएका छन्। यस्तो अवस्थामा डिजिटल साक्षरता प्रत्येक व्यक्तिका लागि अत्यावश्यक सिपको विकास भएको छ। डिजिटल साक्षरता भन्नाले डिजिटल उपकरणहरू प्रविधि र इन्टरनेटको सही सुरक्षित र प्रयोग गर्ने क्षमता हो। यो केवल कम्प्युटर चलाउने ज्ञान मात्र नभई सूचना खोज्ने, विश्लेषण गर्ने, सुरक्षित रूपमा प्रयोग गर्ने र अरूसँग साझा गर्ने सिप पनि हो।

डिजिटल साक्षरताको अवधारणा

डिजिटल साक्षरता बहुआयामिक अवधारणा हो। यसले व्यक्तिलाई सूचना प्रविधिको उपयोग गर्दै ज्ञान आर्जन गर्ने, समस्या समाधान गर्ने र समाजसँग जोडिन सक्षम बनाउँछ। डिजिटल साक्षरता भएका व्यक्तिले इन्टरनेटको प्रयोग गरेर आवश्यक जानकारी सजिलै खोज्न सक्छन्। अनलाइन सेवाहरूको उपयोग गर्न सक्छन् र डिजिटल माध्यमबाट सञ्चार गर्न

सक्छन्। डिजिटल साक्षरता केवल प्रविधि प्रयोग गर्ने सीप मात्र होइन। यसले सूचनाको खोजी, विश्लेषण, मूल्याङ्कन र सही उपयोग गर्ने क्षमतालाई पनि समेट्छ। आजको युगमा जानकारी नै शक्ति हो भन्ने भनाइ झन् सान्दर्भिक बनेको छ। इन्टरनेट मार्फत विश्वभरका जानकारीहरू केही सेकेन्डमा नै उपलब्ध हुन्छन् तर सबै जानकारी सही र भरपर्दो हुँदैनन्। त्यसैले डिजिटल साक्षरता भएका व्यक्तिले सही र गलत जानकारी छुट्याउन सक्छन् यसले व्यक्तिलाई सचेत र जिम्मेवार नागरिक बन्न मद्दत गर्दछ। डिजिटल साक्षरता आधुनिक समाजको आधारभूत आवश्यकता बनिसकेको छ। आज शिक्षा, व्यापार, बैंकिङ, सञ्चार लगायतका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोग भइरहेको छ। विद्यार्थीहरूले अनलाइन कक्षा लिनु, शिक्षकहरूले डिजिटल सामग्री तयार पार्नु, व्यवसायीहरूले अनलाइन कारोबार गर्नु यी सबै कार्य डिजिटल साक्षरतासँग सम्बन्धित छन्।

डिजिटल साक्षरता भनेको व्यक्ति वा समुदायले कम्प्युटर, स्मार्टफोन, इन्टरनेट, सफ्टवेयर, मोबाइल एप्स र अन्य डिजिटल उपकरण तथा प्रविधिको प्रयोग गरेर जानकारी खोज्ने, बुझ्ने, विश्लेषण गर्ने, सिर्जना गर्ने र सुरक्षित तरिका ले प्रयोग गर्ने क्षमता हो। अथवा डिजिटल साक्षरता भनेको डिजिटल उपकरण र स्रोतहरूलाई प्रभावकारी र सुरक्षित एवम् जिम्मेवार तरिकाले प्रयोग गर्ने ज्ञान र सिप हो। डिजिटल साक्षरताको मुख्य फाइदा भनेको जानकारीमा सजिलो पहुँच हो। इन्टरनेटको माध्यमबाट विश्वभरका ज्ञान र सूचना केही सेकेन्डमा प्राप्त गर्न सकिन्छ। यसले शिक्षा प्रणालीलाई अझ प्रभावकारी बनाएको छ। विद्यार्थीहरूले अनलाइन पुस्तक भिडियो, अनुसन्धान सामग्रीको उपयोग गरी ज्ञान बढाउन सक्छन्। त्यस्तै स्वास्थ्य क्षेत्रमा पनि डिजिटल साक्षरताले टेलिमेडिसिन अनलाइन

अपोइन्टमेन्ट जस्ता सेवाहरू सहज बनाएको छ। तर डिजिटल साक्षरताको अभावले विभिन्न समस्या पनि निम्त्याएको छ। गलत सूचना, साइबर अपराध जस्तै चोरी, अनलाइन ठगी जस्ता जोखिम बढिरहेका छन्। यदि मानिसहरू डिजिटल रूपमा सचेत हुँदैनन् भने उनीहरू सजिलै यी समस्याको शिकार हुन सक्छन्। त्यसैले डिजिटल साक्षरता केवल प्रविधि प्रयोग गर्ने सिप मात्र नभई, सुरक्षित र जिम्मेवार प्रयोग गर्ने ज्ञान पनि आवश्यक हुन्छ।

डिजिटल साक्षरतामा निम्न पक्षहरू हुन्छन् :

1) कम्प्युटर र मोबाइल उपकरणहरूको प्रयोग,
2) इन्टरनेटको सही प्रयोग
3) अनलाइन सुरक्षाबारे ज्ञान
4) डिजिटल सामग्रीको मूल्याङ्कन गर्ने क्षमता
5) सामाजिक सञ्जालको जिम्मेवार प्रयोग

डिजिटल साक्षरताका विशेषताहरू

सूचना प्रविधिको युगमा डिजिटल साक्षरताको विशेषताहरूलाई निम्न व्याख्या गरिएको छ :

① सूचना पहुँच र प्रयोग क्षमता

डिजिटल साक्षरता भएका व्यक्तिहरू सजिलै इन्टरनेट, कम्प्युटर, मोबाइल र अन्य डिजिटल उपकरणबाट आवश्यक सूचना खोज्न, मूल्याङ्कन गर्न र प्रयोग गर्न सक्षम हुन्छन्।

२) प्रविधि प्रयोग गर्न सक्ने क्षमता

कम्प्युटर, सफ्टवेयर, मोबाइल एप, इमेल क्लाउड र सेवाहरू र अन्य डिजिटल उपकरणबाट आवश्यक सूचना कुशलतापूर्वक प्रयोग गर्न सक्ने क्षमता हुन्छ।

३) सुरक्षा र गोपनीयता सचेतना

पासवर्ड सुरक्षा, साइबर सुरक्षा, अनलाइन ठगी वा हानिकारक सामग्रीबाट बच्ने ज्ञान प्रदान गर्छ।

४) सञ्चार र सहभागिता

डिजिटल माध्यमबाट प्रभावकारी रूपमा विचार, सूचना र अनुभव सञ्जालमा साझा गर्न सक्ने क्षमता हुन्छ।

५) समस्या समाधान र रचनात्मक

डिजिटल उपकरण गरेर समस्याको समाधान, नयाँ आइडिया निर्माण र सिर्जनात्मक काम गर्न सक्ने क्षमता हुन्छ

६) सामाजिक जिम्मेवारी

अनलाइन नैतिकता डिजिटल अधिकार र दायित्वबारे सचेत हुनुपर्छ।

डिजिटल साक्षरताको महत्व वा फाइदा

डिजिटल साक्षरता प्रवर्द्धनका लागि सरकार, विद्यालय र समाज सबैको महत्वपूर्ण भूमिका रहेको छ। सरकारले सूचना प्रविधिसम्बन्धि नीति निर्माण गरी ग्रामीण क्षेत्रमा इन्टरनेट विस्तार गर्नुपर्छ। जनचेतना मार्फत मानिसहरूलाई डिजिटल साक्षरताको महत्वबारे जानकारी दिनुपर्छ।

डिजिटल साक्षरताको महत्वलाई निम्न व्याख्या गरिएको छ :-

1) शिक्षामा योगदान :-

डिजिटल साक्षरताले शिक्षालाई सहज र प्रभावकारी बनाएको छ। विद्यार्थीहरूलाई अनलाइन कक्षा ई-बुक भिडियो लेक्चर र शैक्षिक सामग्रीमार्फत ज्ञान प्राप्त गर्न सक्छन्। यसले सिकाइ शिक्षालाई रोचक र व्यवहारिक बनाउँछ। आज धेरै विद्यालय तथा कलेजहरूले अनलाइन शिक्षालाई अपनाएका छन्। विशेष गरी कोभिड-१९ महामारीको समयमा डिजिटल साक्षरताको अझ बढी महसुस गरिएको थियो। त्यतिबेला विद्यालय बन्द हुँदा पनि अनलाइन माध्यमबाट शिक्षण कार्य सञ्चालन गरिएको थियो। त्यतिबेला विद्यार्थी र शिक्षकहरू डिजिटल रूपमा सक्षम नभएको भए शिक्षा पूर्ण रूपमा अवरुद्ध हुन सक्थ्यो।

2) स्वास्थ्य क्षेत्रमा योगदान

स्वास्थ्य क्षेत्रमा पनि डिजिटल साक्षरताले ठूलो परिवर्तन ल्याएको छ। टेलिमेडिसिन अनलाइन स्वास्थ्य सेवा, डिजिटल रिपोर्ट जस्ता सुविधाहरूले बिरामीहरूलाई सहजता प्रदान गरेको छ। दुर्गम क्षेत्रमा रहेका मानिसहरूले पनि इन्टरनेटको माध्यमबाट विशेषज्ञ डाक्टरसँग परामर्श लिन सक्ने भएका छन्। यसले समय र खर्च दुवै बचत गर्दछ। यसका साथै स्वास्थ्यसम्बन्धी जानकारी प्राप्त गर्न पनि डिजिटल साक्षरता आवश्यक हुन्छ।

3) रोजगारीका अवसरहरू :-

डिजिटल सिप भएका व्यक्तिहरूका लागि रोजगारीका अवसरहरू बढी हुन्छन्। आजका धेरैजसो कामहरू कम्प्युटर र इन्टरनेटसँग सम्बन्धित छन्। डिजिटल साक्षरताले व्यक्तिलाई नयाँ नयाँ सिप सिक्न र रोजगारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउँछ।

४) सञ्चारमा सहजता :

डिजिटल साक्षरताले मानिसहरूलाई विश्व भरिका व्यक्तिहरू सँग सजिलै सम्पर्क राख्न मद्दत गर्दछ। इमेल, सामाजिक सञ्जाल भिडियोकल जस्ता माध्यमहरूले सञ्चारलाई छिटो र छरितो बनाएका छन्।

5) आर्थिक विकासमा योगदान :

डिजिटल साक्षरताले व्यापार र व्यवसायलाई पनि प्रभाव पारेको छ अनलाइन व्यापार, डिजिटल भुक्तानी प्रणाली र ई-कमर्सले आर्थिक गतिविधिलाई तीव्र बनाएको छ। ई-कमर्स डिजिटल बैंकिङ, अनलाइन भुक्तानी प्रणाली डिजिटल साक्षरताका उदाहरण हुन्। यसले व्यापारलाई विश्वव्यापी बनाएको छ। साना व्यवसायीहरूले पनि आफ्नो उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउछन्।

6) सरकारी सेवामा पहुँच

आजकल धेरै सरकारी सेवाहरू अनलाइन उपलब्ध छन्। डिजिटल साक्षरता भएको व्यक्तिले यस्ता सेवाहरू सजिलै उपयोग गर्न सक्छ।

डिजिटल साक्षरताको ~~अवस्था र~~ चुनौतीहरू

डिजिटल साक्षरताका फाइदाहरू धेरै भएपनि यससँग चुनौतिहरू पनि हुन्छन्। साइबर अपराध, डेटा चोरी, अनलाइन ठगी, गलत सूचना जस्ता समस्या दिनाहुदिन बढिरहेका छन्। डिजिटल साक्षरता नभएका मानिसहरू यस्तो समस्याको सिकार बन्न सक्छन्। उदाहरणका लागि कुनै व्यक्तिले नक्कली वेबसाइटमा आफ्नो बैंक जानकारी राख्दा उसको पैसा चोरी हुन सक्छ। विद्यालय र कलेजहरूमा कम्प्युटर शिक्षा समावेश गरिएको छ तर

अझै पनि गुणस्तरीय प्रविधि र प्रशिक्षित जनशक्तिको अभाव छ। सूचना प्रविधिको युगमा डिजिटल साक्षरतामा देखा परेका चुनौतिहरूलाई निम्न व्याख्या गरिएको छ।

1) पूर्वाधारको अभाव
ग्रामीण क्षेत्रमा इन्टरनेट र विद्युतको अभावले डिजिटल साक्षरता विस्तारमा समस्या बढेको छ।

2) आर्थिक समस्या :-
सबै व्यक्तिसँग डिजिटल उपकरण खरिद गर्ने क्षमता हुँदैन. जसले डिजिटल पहुँचमा असमानता ल्याउछ।

3) शिक्षाको कमी :-
डिजिटल सीप सम्बन्धी शिक्षा पर्याप्त नहुँदा धेरै मानिसहरु प्रविधिको सही उपयोग गर्न सक्दैनन्।

4) साइबर सुरक्षा समस्या
इन्टरनेट प्रयोग गर्दा ह्याकिङ, ठगी, डाटा चोरी जस्ता जोखिम हरु हुन्छन्। डिजिटल साक्षरता नभएका मानिसहरु सजिलै धोखामा पर्न सक्छन्।

5) गलत सूचना
डिजिटल माध्यमबाट गलत जानकारी फैलने सम्भावना बढी हुन्छ। त्यसलाई पहिचान गर्न क्षमता आवश्यक हुन्छ।

डिजिटल साक्षरताको विकास

व्यक्तिगत रूपमा पनि डिजिटल साक्षरताको विकास गर्न सकिन्छ। प्रत्येक व्यक्तिले नयाँ प्रविधि सिक्ने प्रयास गर्दछ। इन्टरनेटको प्रयोग गर्दा सावधानी अपनाउनुपर्छ आफ्नो व्यक्तिगत जानकारी सुरक्षित राख्नुपर्छ। सामाजिक सञ्जालको प्रयोग जिम्मेवारपूर्वक गर्नुपर्छ।

डिजिटल साक्षरताले केवल व्यक्तिगत जीवन मात्र होइन समाज र राष्ट्रको विकासमा पनि योगदान पुर्‍याउछ। डिजिटल रूपमा सक्षम जनशक्तिको देशलाई प्रविधिमैत्री बनाउछ। यसले आर्थिक विकास सु-शासन र पारदर्शिता बढाउन मद्दत गर्दछ। सरकारी सेवाहरूलाई डिजिटल माध्यमबाट उपलब्ध गराउदा भ्रष्टचार कम हुन्छ र सेवा प्रवाह छिटो हुन्छ।

डिजिटल साक्षरता वृद्धि वा विकासका लागि निम्न उपायहरू अवलम्बन गर्न सकिन्छ।

1) विद्यालय स्तरदेखि नै डिजिटल शिक्षा अनिवार्य गराउने,
2) ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच विस्तार गर्ने,
3) सस्तो दरमा डिजिटल उपकरण उपलब्ध गराउने,
4) साइबर सुरक्षा बारे जनचेतना फैलाउने
5) सरकारी तथा गैरसरकारी संस्थाहरूले तालिम विकास गर्ने

सूचना प्रविधिको युगमा डिजिटल साक्षरताको प्रभाव

1) ज्ञानमा पहुँच र सूचनाको पहुँच

इन्टरनेटबाट छिटो र सजिलो जानकारी प्राप्त सीप र शिक्षा विस्तार हुन्छ। इन्टरनेटको माध्यमबाट विश्व भरिका जानकारी सजिलै प्राप्त गर्न सकिन्छ।

2) रोजगार र आर्थिक अवसर

डिजीटल सीपले रोजगारीको नयाँ ढोका खोल्छ, अनलाइन व्यवसाय, फ्रीलान्सिङ, र उद्यमशीलतामा मद्दत गर्छ।

3) सामाजिक जोड र सहभागिता

सूचना आदान प्रदान, सहकार्य, रचनात्मक र विश्वसँग जोडिने अवसर बन्छ

4) सुरक्षा र जिम्मेवारी

अनलाइन जोखिमबाट बच्न सिकाइन्छ, गोपनीयता सुरक्षित हुन्छ र जिम्मेवार डिजिटल नागरिक निर्माण हुन्छ,

5) उत्पादकता र नवप्रवर्तन :

समय र स्रोतको विकास, बचत, समस्या समाधान क्षमता वृद्धि, नयाँ वृद्धि र नवप्रवर्तनलाई प्रोत्साहन मिल्छ

6) समृद्ध र दिगो ~~विकास~~ समाज निर्माण

डिजिटल साक्षरताले सुशासन आर्थिक वृद्धि, समावेशी समाज र दिगो विकासमा महत्वपूर्ण योगदान पुर्‍याउँछ

7) समय र लागतको बचत

8) शिक्षा र सिकाइमा सुधार

डिजिटल साक्षरता र युवा पुस्ता

आजको युगलाई सूचना प्रविधिको युग भनिन्छ। यस युगमा युवा पुस्ता सबैभन्दा बढी डिजिटल प्रविधिसँग जोडिएको समूह हो। मोबाइल इन्टरनेट कम्प्युटर, सामाजिक प्रणाली आदि युवा जीवनमा अभिन्न अङ्ग बनिसकेका छन्। उनीहरूलाई सही दिशा दिएमा डिजिटल साक्षरता समाज परिवर्तनको शक्तिशाली माध्यम बन्न सक्छ। तर गलत प्रयोगले समयको दुरुपयोग लत र मानसिक समस्याहरू पनि निम्त्याउँछ। यस्तो अवस्थामा डिजिटल साक्षरता युवाका लागि आवश्यक विषय बनेको छ।

युवामा डिजिटल साक्षरताको महत्व :-

1) युवालाई अनलाइन कक्षा, ई-बुक, शैक्षिक भिडियो आदिले अध्ययनलाई सजिलो र रोचक बनाउँछ,

2) डिजिटल सीप भएका युवाले फ्रीलान्सिङ, अनलाइन व्यापार आदि क्षेत्रमा अवसर पाउन सक्छन्।

3) सामाजिक सञ्जाल र अन्य प्लेटफर्म मार्फत छिटो र सजिलो सञ्चार सम्भव हुन्छ।

युवामा डिजिटल प्रयोगका सकारात्मक पक्ष र नकारात्मक पक्षहरु यस प्रकार रहेका छन्।

सकारात्मक पक्ष	नकारात्मक पक्ष
- नयाँ सीप सिक्ने अवसर	- इन्टरनेटको लत
- सिर्जनात्मक विकास	- साइबर बुलिङ
- विश्वव्यापी दृष्टिकोण विस्तार	- गलत सूचना
- उद्यमशीलताको विकास	- गोपनियता उल्लङ्घन
	- समयको दुरुपयोग

डिजिटल साक्षरता र नैतिकता

आजको सूचना प्रविधिको युगमा डिजिटल साक्षरता र नैतिकता अत्यन्त महत्वपूर्ण विषय बनेका छन्। संसार तीव्र रूपमा डिजीटल माध्यमतर्फ अग्रसर भइरहेको छ। इन्टरनेट, मोबाइल, कम्प्युटर, सामाजिक सञ्जाल जस्ता प्रविधिहरु हाम्रो दैनिक जीवनको अभिन्न हिस्सा बनिसकेका छन्। यस्तो अवस्थामा केवल प्रविधि प्रयोग गर्न जान्नु मात्र होइन। त्यसलाई जिम्मेवार र नैतिक तरिकाले प्रयोग गर्न जान्नु पनि उत्तिकै हुन्छ। यही सन्दर्भमा डिजीटल साक्षरता र नैतिकता एकअर्कासँग गहिरो रूपमा सम्बन्धित छन्। उदाहरणका लागि इन्टरनेटबाट जानकारी खोज्दा कुन स्रोत

विश्वसनीय छ भनेर छुट्याउन सक्नु, अनलाइन ठगीबाट बच्न सक्नु वा सामाजिक सञ्जालमा जिम्मेवार व्यवहार देखाउनु यी सबै डिजिटल साक्षरताका भाग हुन्।

डिजिटल साक्षरताको नैतिकतामा निम्न कुराहरू समावेश हुन्छन्

- अरूको गोपनीयताको सम्मान गर्नु,
- गलत सूचना नफैलाउनु,
- साइबर बुलिङ गर्नु,
- कपीराइट र बौद्धिक सम्पत्तिको सम्मान गर्नु,
- अनलाइन व्यवहारमा शिष्टता कायम राख्नु,

डिजिटल साक्षरता र नैतिकताको आवश्यकता

- विद्यार्थीहरूले अनलाइन स्रोतहरूबाट अध्ययन गर्दा सही र गलत जानकारी छुट्याउन सक्नुपर्छ।
- डिजिटल कारोबार गर्दा सुरक्षा र विश्वास अत्यन्त आवश्यक हुन्छ।
- सामाजिक सञ्जालमा सभ्य र जिम्मेवार व्यवहारले सकारात्मक वातावरण सिर्जना गर्दछ।

निष्कर्ष :-

सूचना प्रविधिको युगमा डिजिटल साक्षरता बिना जीवन अपूर्ण जस्तै भएको छ। यसले व्यक्तिको ज्ञान, सिप, र अवसरहरू लाई विस्तार गर्दछ। यसका साथै समाज र देशको समग्र विकासमा पनि महत्त्वपूर्ण योगदान पुर्‍याउँछ। त्यसैले डिजिटल साक्षरतालाई प्राथमिकता दिई सबैले यसको विकासमा ध्यान दिनुपर्छ। केवल प्रविधि प्रयोग गर्नु मात्र पर्याप्त हुँदैन, यसको अर्थ सही र सुरक्षित प्रयोग गर्न जान्नु नै डिजिटल साक्षरता हो।

नेपालजस्तो विकासशील देशमा डिजिटल साक्षरता विस्तार गर्नु समयको आवश्यकता हो। सबै नागरिकलाई डिजिटल सिपयुक्त बनाउनु भनेको देशलाई प्रगतितर्फ अगाडि बढाउनु हो। त्यसैले सरकार, शैक्षिक संस्था र समाज सबै मिलेर डिजिटल साक्षरता प्रवर्द्धन गर्नुपर्छ।